सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (५) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

(स्वतः प्रकाशन)

# आर्थिक वर्ष ०८१।८२
# तेस्रो त्रैमासिक (माघ - चैत) को मन्त्रालयसम्वद्ध अद्यावधिक सूचना विवरण


नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन: ०१-४२११५५६, इमेल: info@mocit.gov.np



२०८२, वैशाख

**१. मन्त्रालय गठनको पृष्ठभूमि ........................................................................... १**

१.१ मन्त्रालयको काम, कर्तव्य र अधिकार ........................................................................... १

१.२ मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या र कार्य विवरण ........................................... २

१.३ मन्त्रालयबाट प्रदान गरिने सेवा ........................................................................... ९

१.४ मन्त्रालयका शाखा र जिम्मेवार अधिकारी ........................................................................... ९

१.५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........................................................................... १०

१.६ निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी ........................................................................... १०

१.७ निर्णय उपर उजुरी सुन्ने अधिकारी ........................................................................... १०

**२. सम्पादन भएका मुख्य कार्यहरूको विवरण ........................................................................... ११**

२.१ सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय .............. १५

२.२ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण..............................................

२.३ सूचना अधिकारी र प्रमुखको नाम र पद ........................................................................... १८

२.४ ऐन, नियम, विनियम, निर्देशिका, आदेश, कार्यविधि र मापदण्ड ........................................................................... १९

## (क) मन्त्रालय गठनको पृष्ठभूमि :-

सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तारका लागि सञ्चार मन्त्रालयको स्थापना वि.सं. २०२८ साल साउन १ गते भएको हो। एन्.एम.वुचको अध्यक्षतामा गठित प्रशासन सुधार आयोगको प्रतिवेदन २००९ मा निर्माण र सञ्चार मन्त्रालय स्थापना गर्न सुझाव दिएअनुरूप मन्त्रालयको स्थापना भएको देखिन्छ। नेपाल सरकारको कार्य विभाजन नियमावली, २०२४ ले सूचना तथा प्रसार मन्त्रालयको व्यवस्था गरेको थियो भने सञ्चारलाई यातायात, सञ्चार र जलविद्युत मन्त्रालयमा राखेको थियो। प्रशासन सुधार आयोग, २०२५ ले सूचना र प्रसारण क्षेत्रलाई गृह, पञ्चायत तथा सूचना प्रसार मन्त्रालय बनाउन सिफारिस गरेको थियो।त्यसैगरी वि.सं. २०२६ सालमा निर्माण, सञ्चार र यातायात मन्त्रालय स्थापना भएको देखिन्छ। वि.सं. २०२८ सालमा छुट्टै सञ्चार मन्त्रालय स्थापना भएकोमा प्रशासन सुधार आयोग, २०४८ को सिफारिस बमोजिम तत्कालिन सञ्चार मन्त्रालयलाई सूचना तथा सञ्चार मन्त्रालयमा परिवर्तन गरिएको थियो। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम साविक सूचना तथा सञ्चार मन्त्रालयमा सूचना प्रविधि क्षेत्र समेत थप गरी हाल मन्त्रालयको नाम सञ्चार तथा सूचना प्रविधि मन्त्रालय कायम रहेको छ।

## (ख) मन्त्रालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ:–

- सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- दूरसञ्चार र प्रसारण फ्रिक्वेन्सी बाँडफाँड, शुल्क निर्धारण र नक्साङ्कन, प्रयोगको अनुमति, नवीकरण र नियमन,
- सूचना र सञ्चार प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान, प्रवर्द्धन र नियमन,
- माइक्रोवेभ प्रणालीको विस्तार, ब्यान्डविथको अन्तर्राष्ट्रिय कनेक्टिभिटी र रेडियोयन्त्र प्रयोग,
- रेडियो, टेलिभिजन, छापा सञ्चार र समाचार संस्थासम्बन्धी नीति, कानून र मापदण्ड,
- राष्ट्रियस्तरका रेडियो, टेलिभिजन, प्रसारण संस्था र बहुवितरण प्रसारण प्रणालीको अनुमति, नवीकरण र नियमन,
- विदेशी टेलिभिजन च्यानलको डाउनलिङ्क,
- अनलाइन मिडियासम्बन्धी नीति, कानून र मापदण्ड,
- श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक सम्बन्धी नीति, कानून र मापदण्ड,
- सार्वजनिक प्रसारण, छापा र प्रसारण संस्था सम्बन्धी नीति, कानून र मापदण्ड,
- स्वदेशी तथा नेपालबाट प्रसारण गरिने विदेशी छापा प्रकाशन सम्बन्धी नीति, कानून र मापदण्ड,
- राष्ट्रिय विज्ञापन नीति र मापदण्ड,
- हुलाक सम्बन्धी नीति, कानून, मापदण्ड, सञ्चालन र नियमन,
- हुलाक टिकट प्रकाशन, भण्डारण तथा अभिलेख व्यवस्थापन,
- धनादेश सेवा, हुलाक बचत बैंक र अन्तर्राष्ट्रिय डाँक लेखा व्यवस्थापन,
- चलचित्र र सिनेमा हलसम्बन्धी नीति, कानून र मापदण्ड,
- सुरक्षण मुद्रण
- नेपाल राजपत्रको मुद्रण, वितरण तथा अभिलेख,


- पत्रपत्रिका सम्बन्धी आचारसंहिता,
- भू-उपग्रहको उपयोग,
- सूचना प्रविधिको प्रवर्द्धन, राष्ट्रिय सूचना प्रविधि केन्द्र र सूचना प्रविधि पार्क,
- साइबर सुरक्षा,राष्ट्रिय सूचना आयोग,
- प्रेस काउन्सिल, केन्द्रीय प्रेस रजिस्ट्रार, नेपाल दूरसञ्चार प्राधिकरण र चलचित्र विकास बोर्ड,
- मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ सेवाको इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ समूह सञ्चालन।

## (ग) मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या र कार्य विवरणः-

### १. संगठन संरचना

मन्त्रालयको संगठन संरचना निम्न बमोजिम रहेको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संगठन संरचना




२.

### कर्मचारी सङ्ख्या

| क्र. सं. | पद | श्रेणी | सेवा | समूह उपसमूह | स्वीकृत दरबन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट श्रेणी | नेपाल प्रशासन सेवा | | १ | १ | - | |
| २ | सहसचिव | रा.प.प्रथम श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | २ | २ | - | |
| ३ | प्रमुख टेक्निकल अफिसर | रा.प.प्रथम श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | इलेक्ट्रोनिक्स एण्ड टेलिकम | १ | १ | - | |
| ४ | सहसचिव | रा.प.प्रथम श्रेणी | विविध | | १ | १ | - | |
| ५ | उप सचिव | रा.प. द्वितीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | ६ | ५ | १ | |
| ६ | उपसचिव | रा.प.द्वितीय श्रेणी | विविध | | २ | २ | - | |
| ७ | उपसचिव (कानून) | रा.प.द्वितीय श्रेणी | नेपाल न्याय सेवा/कानून | कानून | १ | १ | - | |
| ८ | उपसचिव (लेखा) | रा.प.द्वितीय श्रेणी | नेपाल प्रशासन | लेखा | १ | १ | - | |
| ९ | वरिष्ठ प्राविधिक अफिसर | रा.प.द्वितीय श्रेणी | नेपाल इन्जिनियरिङ सेवा | इलेक्ट्रोनिक्स टेलिकम | २ | २ | - | |
| १० | शाखा अधिकृत | रा.प.तृतीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | १४ | १४ | - | |
| ११ | लेखा अधिकृत | रा.प.तृतीय श्रेणी | नेपाल प्रशासन सेवा | लेखा | १ | १ | - | |
| १२ | कानून अधिकृत | रा.प.तृतीय श्रेणी | न्याय | कानून | १ | १ | - | |
| १३ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय श्रेणी | विविध | | ४ | ४ | - | |
| १४ | इलेक्ट्रोनिक इन्जिनियर | रा.प.तृतीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ | ५ | ४ | १ | |
| १५ | कम्प्युटर अधिकृत | रा.प.तृतीय श्रेणी | नेपाल विविध सेवा | | १ | १ | - | |
| १६ | नायव सुब्बा | रा.प.अनं. प्रथम श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | ११ | ११ | - | - |
| १७ | लेखापाल | रा.प.अनं. प्रथम श्रेणी | नेपाल प्रशासन | लेखा | १ | १ | - | |
| १८ | टाइपिस्ट ना.सु. | रा.प.अनं.प्रथम | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | २ | २ | - | |
| १९ | इलेक्ट्रो सहायक | रा.प.अनं. प्रथम श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | इलेक्ट्रोनिक्स एण्ड टेलिकम | २ | २ | | |
| २० | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम श्रेणी | नेपाल विविध सेवा | | ४ | ४ | - | २* |
| २१ | भारी सवारी चालक | श्रेणी विहिन | | | १ | १ | - | |
| २२ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ७ | ७ | - | ७* |
| २६ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन समूह | १४ | १४ | - | १३* |
| | **हाल कायम रहेको कूल दरबन्दी संङ्ख्या (* - करार सेवाबाट पूर्ति गरिएको)** * आ.व.२०७९।८० को Oand M बाट २ जना थप गरिएको । | | | | **८५** | **८४** | **१** | |

## ३. कार्य विवरण

**(अ) प्रशासन तथा योजना महाशाखा :-**

- मन्त्रालय र अन्तर्गतको कर्मचारी प्रशासन र सामान्य प्रशासन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र अन्तर्गतको जनशक्ति योजना र व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- सञ्चार, सूचना, सूचना प्रविधि, दूरसञ्चार, हुलाक, मुद्रण, चलचित्र आदि सम्बन्धी वार्षिक योजना कार्यक्रम र बजेट सम्बन्धी कार्य गर्ने।
- दूरसञ्चार, हुलाक, मुद्रण सम्बन्धी नीति र कानून तर्जुमा कार्यान्वयन सम्बन्धी कार्य गर्ने।
- आवधिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको कार्यक्षेत्र सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थासंग सम्बन्ध, सम्पर्क, समन्वय, सहायता सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय सम्वद्ध आयोग, प्राधिकरण, संस्थान, बोर्ड, समिति आदिको समन्वय, सहजीकरण, नियमन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको आर्थिक र प्रशासन सम्बन्धी कार्य गर्ने।
- कर्मचारीहरूको कार्यविवरण सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको विषयसँग सम्बन्धित सेवा, समूह, उपसमूहको सञ्चालन।

**(१) प्रशासन तथा विकास सहायता समन्वय शाखा :-**

- मन्त्रालय र अन्तर्गतका कर्मचारी प्रशासन र सामान्य प्रशासन सम्बन्धी कार्यहरू गर्ने।
- मन्त्रालयका लागि आवश्यक सामानहरूको आपूर्ति गर्ने तथा जिन्सी व्यवस्थापन गर्ने।
- मन्त्रालयका राजपत्र अनंकित र श्रेणीविहीन कर्मचारीहरूको काम सम्बन्धी आवश्यक व्यवस्था मिलाउने।
- जनसम्पर्क, सोधपुछ, गुनासो व्यवस्थापन र दर्ता चलानीको व्यवस्था मिलाउने।
- मन्त्रालयमा रहेका सरकारी सम्पत्तिको संरक्षण, मर्मत, सम्भार तथा उचित प्रयोगको व्यवस्था मिलाउने।
- संवैधानिक आयोग, संसदीय समिति, सतर्कता केन्द्र आदिबाट प्राप्त उजुरीहरूको व्यवस्थापन गर्ने।
- मन्त्रालय र अन्तर्गतका विभागहरूको जनशक्ति विकास तथा संगठनात्मक सुधार सम्बन्धी कार्य गर्ने।
- सूचना तथा सञ्चार क्षेत्रका अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग फोकल प्वाइन्टको रूपमा सम्पर्क राखी काम गर्ने।
- अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा अन्य दातृसंस्थाबाट सहायता उपलब्धि सम्बन्धी काम मन्त्रालयका अन्य शाखासँग आवश्यक समन्वय गरी गर्ने।
- अन्तर्राष्ट्रिय क्षेत्रीय वा अन्य विदेशी संघ संस्थासँग सम्बन्धित महाधिवेशन, सम्मेलन, गोष्ठी, सेमिनार आदिमा नेपालको सहभागीता सम्बन्धी तयारी कार्य गर्ने।
- सञ्चार क्षेत्रमा विभिन्न किसिमका उपलब्ध सहयोग/सहायताको विवरण तयार गरी अद्यावधिक राख्ने।
- विभिन्न मुलुकका दूरसञ्चार, सूचना प्रविधि, हुलाक र प्रसारण सम्बन्धी प्रशासनबाट सोधिएका विषयहरूको जानकारी र माग हुने विवरणहरू उपलब्ध गराउने सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयसँग सम्बन्धित सेवा, समूह, उपसमूह सञ्चालन सम्बन्धी कार्य गर्ने।
- अन्य शाखामा नपरेको मन्त्रालय सम्बन्धी कार्य गर्ने।

(२) **संस्थान समन्वय शाखा :-**

- मन्त्रालय अन्तर्गतका सम्बद्ध विभाग, संस्थान तथा समितिहरूको समन्वय, सहजीकरण, अनुगमन, नियमन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र सम्बद्ध विभाग, संस्थान, बोर्ड, प्राधिकरण, समिति, कम्पनी आदि र सम्बद्ध सेवा प्रदायकहरूका लागि आवश्यक पर्ने विदेशी मुद्रा, आयात, भन्सार तथा बिक्रीकर छुटसम्बन्धी कार्य गर्ने।
- मन्त्रालय सम्बद्ध निकायका अध्यक्ष, कार्यकारी प्रमुख, सदस्यहरूको मनोनयन, नियुक्ति, कार्यसम्पादन करार सम्बन्धी काम गर्ने।
- मन्त्रालय सम्बद्ध संस्थान, बोर्ड, प्राधिकरण, समिति, कम्पनी आदिको फोकल शाखाको रूपमा कार्य गर्ने।

(३) **योजना अनुगमन तथा मूल्याङ्कन शाखा :-**

- सूचना तथा सञ्चार सम्बन्धी नीति, योजना तथा कार्यक्रम, बजेट तथा स्रोत परिचालन सम्बन्धी कार्य गर्ने।
- विभिन्न योजनाहरूको प्रगति प्रतिवेदन तयार गर्ने।
- योजनाको उपलब्धिबारे तयार पारिएको प्रतिवेदनलाई नियमित रूपमा समीक्षा तथा मूल्याङ्कन गर्ने, गराउने।
- मन्त्रालय, विभाग र संस्थानबाट सञ्चालित आवधिक योजनाहरूका कार्यान्वयनको अनुगमन प्रतिवेदन गर्ने।
- विभिन्न निकायबाट प्राप्त नीतिको मस्यौदा उपर राय/प्रतिक्रिया दिने।
- सूचना तथा सञ्चार सम्बद्ध विषयको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने।
- अनुगमन मूल्याङ्कनको वार्षिक कार्ययोजना स्वीकृत गराई कार्यक्रमहरूको कार्यान्वयन गर्ने।

(४) **आर्थिक प्रशासन शाखा :-**

- साधारण र विकासतर्फको अनुमानित बजेट तयार गर्ने।
- साधारण बजेटको बजेट खर्च गर्ने अख्तियारी पत्र र बजेट बाँडफाँड तयार गरी स्वीकृत गराई पठाउने।
- विकास बजेटतर्फ कार्यक्रम स्वीकृत भएपछि बजेट बाँडफाँड गर्न सहयोग पुर्‍याइ स्वीकृत कार्यक्रम, बजेट बाँडफाँड एवं स्रोत व्यवस्था खुलाई अख्तियारी पठाउने।
- केन्द्रीयस्तरको अभिलेख राख्ने र आर्थिक विवरण तयार गर्ने।
- बजेट निकासा, रकमान्तर, निकासा खर्च, लेखापरीक्षण गराउने र बेरुजु फर्छ्यौट सम्बन्धी कार्य गर्ने।
- राजस्व र धरौटीको अभिलेख राख्ने।
- दातृराष्ट्र/दातृसंस्थासँग भएको सम्झौताको आधारमा प्राप्त हुनुपर्ने नगद र वस्तुगत सहायता सम्बन्धी कार्य गर्ने।

**(आ) सञ्चार महाशाखा :-**

- प्रेस र आमसञ्चार सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
- प्रेस र आमसञ्चार माध्यमहरूलाई सहयोग, समन्वय सहजीकरण सम्बन्धी कार्य गर्ने,
- श्रव्यदृष्य प्रसारण, विज्ञापन, चलचित्र सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नियमन सम्बन्धी कार्य गर्ने,
- सञ्चार उद्योग, चलचित्र उद्योगलाई प्रोत्साहन, छुट सुविधा सिफारिस सम्बन्धी कार्य गर्ने,
- चलचित्र जाँच र नियमन सम्बन्धी कार्य गर्ने।

(१) **श्रव्यदृष्य तथा प्रसारण शाखा :-**

- चलचित्र जाँचपास र प्रदर्शन सम्बन्धी कार्य गर्ने।
- केन्द्रिय चलचित्र जाँच समितिको सचिवालयको कार्य गर्ने।
- चलचित्र प्रदर्शन सम्बन्धी संघ, संस्था, उद्योग, फर्म दर्ता गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

- रेडियो तथा टेलिभिजन प्रसारण सम्बन्धी कार्यहरूमा नीतिगत तथा कार्यक्रमगत समन्वय गर्ने।
- प्रसारण संस्थाहरूलाई विदेशी मुद्रा सटही सुविधा दिने।
- भन्सार महशुल कर छुट सम्बन्धी कार्य गर्ने।
- प्रसारण संस्थाबाट हुने विज्ञापन सम्बन्धी कार्य गर्ने।
- रेडियो र टेलिभिजनको प्रसारण, प्रवर्द्धन र विकास सम्बन्धी संभाव्यता अध्ययन गर्ने।
- विदेशी डकुमेन्ट्री/चलचित्र छायाँकन अनुमति दिने।

**(२) प्रेस तथा सूचना समन्वय शाखा :-**

- नेपाल सरकारको प्रेस र आमसञ्चार सम्बन्धी नीति र कार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने।
- प्रेस नीतिको कार्यान्वयनमा भएका कठिनाइहरूको अध्ययन गरी सुधारात्मक उपायहरूबारे राय दिने।
- सूचना तथा प्रसारण विभागसँग समन्वय राखी प्रेस सूचना सम्बन्धी कार्य गर्ने।
- अनलाइन सञ्चार माध्यमको नियमन सम्बन्धी कार्य गर्ने।
- नेपाल सरकार र प्रेसबीच सुमधुर सम्बन्ध विकसित गर्न आवश्यक तथा सामयिक उपायहरू पत्ता लगाउने।
- नेपाल सरकारको नीति र कार्यक्रम तथा विभिन्न निकायहरूको क्रियाकलापबारे राष्ट्रिय अखण्डता, साम्प्रदायिक सद्भाव, शान्ति सुरक्षा खलल हुने गरी प्रकाशित भएका भ्रामक समाचारहरूको खण्डन गराउने परिपाटीलाई विकसित गर्दै लैजाने।
- राज्यभर प्रेस सेवाको वर्तमान स्थितिको मूल्याङ्कन गरी आवश्यकता अनुसार सम्बन्धित ऐन नियमहरूमा सुधार गर्न आवश्यक व्यवस्था मिलाउने।
- विभिन्न सूचना सामग्रीहरूको योजना, उत्पादन, प्रकाशन र वितरणसम्बन्धी नीतिका लागि रायसल्लाह दिने।
- सञ्चारको हक र सूचनाको हक सम्बन्धी कार्यमा समन्वय गर्ने।

**(३) कानून तथा फैसला कार्यान्वयन शाखा :-**

- मन्त्रालय र सम्बद्ध निकायको ऐन/नियम र नीति/कार्यविधि/गठन आदेश तर्जुमा तथा समय सापेक्ष संशोधन/परिमार्जन गर्ने।
- मन्त्रालयसँग सम्बन्धित विषयमा निर्मित ऐन/नियम/नीति/कार्यविधि/गठन आदेशहरूमा कानूनी राय परामर्श दिने।
- विभिन्न तहका अदालतमा मन्त्रालय विरुद्ध परेका मुद्दामा लिखित जवाफ सम्बन्धी कार्य गर्ने।
- अदालतबाट भएका मन्त्रालयका सम्बद्ध फैसला कार्यान्वयन गर्ने।

**(इ) फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा :-**

- ITU Radio Regulation मा आधारित Spectrum व्यवस्थापनका लागि आवश्यक प्रणाली, नीति, नियम सम्बन्धी राष्ट्रिय योजना तथा कार्यक्रम तर्जुमा, पुनरावलोकन, परिमार्जन एवं परिस्कृत गर्ने।
- नेपालको Orbital Slot Allocation को उपयोग सम्बन्धमा ITU सँग आवश्यक समन्वय गरी Allocated Slot प्रयोगको निम्ति आवश्यक व्यवस्था गर्ने।
- राष्ट्रिय फ्रिक्वेन्सी Allocation Table तयार गर्ने र तदनुरूप Assignment, Channeling, Reforming योजनाहरू तय गर्ने।
- फ्रिक्वेन्सीको केन्द्रीय अभिलेख राख्ने।
- रेडियो ऐन, नियमको अधीनमा रही विभिन्न रेडियो सञ्चार सेवाको लागि आवश्यक पर्ने रेडियो फ्रिक्वेन्सीको इजाजत सम्बन्धी नियमन गर्ने।
- रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको सचिवालयको कार्य गर्ने।

- रेडियो उपकरण तथा प्रणालीको प्राविधिक गुणस्तर, उपयुक्त प्रविधि, प्रणाली तथा परिष्कृत गर्ने।
- अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरू जस्तै ITU, ICAO, INTELSAT, APT, APSCC, ABU सँग समन्वय राखी रेडियो फ्रिक्वेन्सीहरूको प्रयोग सम्बन्धमा जानकारी गर्ने गराउने।
- रेडियो फ्रिक्वेन्सीको प्रयोगको मनिटरिङको व्यवस्था गर्ने।
- मनिटरिङ्ग स्टेसन, भ्यान लगायत पूर्वाधारको विस्तार गर्ने।
- स्थलगत निरीक्षण तथा जाँच गराउने।
- सबै प्रकारका उपलब्ध रेडियो सञ्चार एवं रेडियो प्रसारण प्रविधिहरूको अध्ययन विश्लेषण गरी सुहाउँदो प्रविधि उपयोग गर्ने व्यवस्था गर्ने।

**(१) फ्रिक्वेन्सी व्यवस्थापन तथा विश्लेषण शाखा :-**

- समयानुकूल ITU Radio Regulation मा आधारित Spectrum व्यवस्थापनका लागि आवश्यक प्रणाली, नीति, नियम तथा प्रविधि सम्बन्धी राष्ट्रिय योजना तथा कार्यक्रम तर्जुमा, पुनरावलोकन, परिमार्जन एवं परिष्कृत गर्ने।
- नेपालको Orbital Slot Allocation को उपयोगसम्बन्धमा ITU सँग आवश्यक समन्वय गरी Allocated Slot प्रयोगको निम्ति आवश्यक व्यवस्था गर्ने।
- राष्ट्रिय फ्रिक्वेन्सी Allocation table तयार गर्ने र तदनुरूप Assignment र Channeling योजनाहरू तय गर्ने।
- राष्ट्रिय फ्रिक्वेन्सी नीति निर्धारण समितिको बैठकमा पेस गर्नुपर्ने विषयहरूको पहिचान तथा अध्ययन गर्ने।
- रेडियो सञ्चार उपकरणको आयात/निर्यात/निर्माण/उत्पादन सम्बन्धमा प्राविधिक मापदण्डको सिफारिस तथा तदनुरूप गर्न विद्यमान ऐन, नीति, नियम तथा आदेशहरूको पुनरावलोकन गरी आवश्यकतानुसार संशोधनका लागि सिफारिस गर्ने।
- रेडियो उपकरण तथा प्रणालीको प्राविधिक गुणस्तर, उपयुक्त प्रविधि, प्रणाली तथा परिष्कृत गर्ने।
- सञ्चार प्रविधिको समयानुकूल विश्वव्यापी विकासलाई अन्वेषण तथा विश्लेषण गरी मुलुकका लागि तुलनात्मक रूपले उपयोगी प्रविधि पहिचान गर्ने सिलसिलामा नेपाल दूरसञ्चार प्राधिकरणसँग समन्वय राखी काम गर्ने।
- Type Approval Requirements को मस्यौदा तयार गर्ने तथा निवेदन फारमहरूको विकास गर्ने।

**(२) रेडियो फ्रिक्वेन्सी अनुगमन शाखा :-**

- रेडियो फ्रिक्वेन्सीको प्रयोगको मनिटरिङ तथा Assigned फ्रिक्वेन्सीहरूको प्रयोगमा बाधा भए/नभएको पहिचान गर्ने।
- फ्रिक्वेन्सी प्रयोगको दैनिक Log book तथा रजिष्टर खडा गरी फ्रिक्वेन्सी प्रयोगमा र Interference र Disturbances भए/नभएको निश्चित गर्ने।
- रेडियो मनिटरिङ स्टेसन तथा Mobile रेडियो मनिटरिङ प्रणालीको दैनिक सञ्चालन, संरक्षण, संवर्द्धन, परिमार्जन, परिष्कृत, स्याहार, सम्भार तथा मर्मत गर्ने।
- इजाजत पत्रमा तोकेको स्तरअनुसार रेडियो फ्रिक्वेन्सी प्रयोग भए/नभएको जाँच गर्ने।
- फ्रिक्वेन्सीको अनधिकृत प्रयोग भएको वा स्तरअनुसार प्रयोग गरे/नगरेको पत्ता लगाउने।
- फ्रिक्वेन्सीको अधिकृत/अनधिकृत प्रयोगहरूको वार्षिक, मासिक, अर्धवार्षिक प्रतिवेदन राख्ने।
- इजाजतपत्र जारी गर्नुपूर्व सञ्चार उपकरणहरूका प्राविधिक आधार सूचकहरू जाँच गर्ने।
- Type Approval सञ्चार उपकरण तथा यन्त्र प्रणालीहरूको प्राविधिक Performance जाँच तथा प्रणालीहरूको अभिलेख राख्ने।
- समयानुकूल मनिटरिङ प्रणालीमा सुधार र विकास गर्न योजना/कार्यक्रमहरू तर्जुमा गर्ने।
- अन्तर्राष्ट्रिय रेडियो मनिटरिङ सम्बन्धमा समन्वय गर्ने।

- स्थलगत निरीक्षण तथा जाँच गर्ने।
- सञ्चार उपकरण, यन्त्र प्रणालीको मनिटरिङ, जाँच गर्न Latest प्रविधिको प्रयोग तथा चयन गर्ने।
- अधिनस्थ कार्यहरूको प्रतिवेदन तयार गर्ने।
- अधिनस्थ कार्यहरूको यकिन गरी वार्षिक, कार्यक्रमहरूको योजना तथा बजेट तर्जुमा गर्ने तथा स्वीकृत योजना, कार्यक्रम तथा बजेटअनुसार कार्य सम्पन्न, कार्यान्वयन, अभिलेख राख्ने।
- तालिम सेमिनार, कार्यशाला, गोष्ठी आदिहरूका उपलब्धि, निर्णय कार्यक्रम तथा सिफारिसहरू कार्यान्वयन गर्ने।
- अधिनस्थ कार्यहरू पुनरावलोकन, मूल्याङ्कन तथा परिमार्जन गर्ने।
- रेडियो मनिटरिङ सम्बन्धमा ITU ले तोकेको प्राविधिक स्तर कायम गर्ने।

**(ई) सूचना प्रविधि महाशाखा :-**

- सूचना तथा सञ्चार प्रविधि नीतिको कार्यान्वयनको लागि सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यक कार्ययोजना तयार गर्ने र उक्त कार्ययोजनाको कार्यान्वयनमा सम्बन्धित निकायहरूलाई सहजीकरण गर्ने र प्रगति अनुगमन गर्ने।
- सूचना तथा सञ्चार प्रविधि नीतिको आवधिक रूपमा विश्लेषण गरी समयानुसार पुनरावलोकन गर्न सहयोग गर्ने।
- सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सुशासन प्रदान गर्न तथा सामाजिक तथा आर्थिक विकास गर्न आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्न सहयोग पुर्‍याउने।
- सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका सूचना प्रविधि प्रणालीहरूको मानकीकरण (Standardize) गरी अन्तरआबद्ध (Interoperable) बनाउन आवश्यक मानक तथा निर्देशिका तयार गर्ने।
- साइबर सुरक्षाको स्तर वृद्धि गर्न तथा साइबर अपराध नियन्त्रण गर्नउपयुक्त नीतिगत तथा कानूनी व्यवस्थाको लागी अध्ययन गरी सिफारिस गर्ने।
- नेपालमा साइबर सुरक्षाको स्तर वृद्धि गर्न आवश्यक संरचना, पूर्वाधार तथा क्षमताको विकास गर्ने
- नेपालमा साईवर सुरक्षाको क्षेत्रमा कार्यरत संघ सस्थाहरूलाई समन्वयन तथा अनुगमन गर्ने।
- सूचना प्रविधिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा भएका विकासमा पहुँच पुर्‍याई प्रविधि हस्तान्तरणलाई सहजीकरण गर्ने।
- सूचना प्रविधि सम्बन्धमा अध्ययन अनुसन्धान केन्द्रको रूपमा कार्य गर्ने।

**(१) सूचना प्रविधि कार्यान्वयन तथा समन्वय शाखा :-**

- सूचना तथा सञ्चार प्रविधि नीतिमा उल्लिखित सरोकारवाला निकायहरूको संलग्नतामा कार्यक्रमहरूको पहिचान गरी कार्ययोजना तयार गर्ने।
- e-Government, e-Commerce, Trade and Industry Promotion, e-Payment, IT Industry Promotion, e-Agriculture, e-Tourism, e-Health जस्ता क्षेत्रमा नेपाललाई आवश्यक उपयुक्त प्रविधिको पहिचान गरी सो प्रविधि प्रयोगको क्षमता विकास गर्ने।
- नेपाल सरकारका निकायहरूले कार्यान्वयन गर्नुपर्ने सूचना प्रविधि सम्बन्धी कार्यक्रमहरूको प्रगति विवरण सङ्कलन गरी सम्बन्धित निकायमा पेश गर्ने।
- सूचना तथा सञ्चार प्रविधि नीतिको आवधिक रूपमा विश्लेषण गरी समयानुसार पुनरावलोकन गर्न सहयोग गर्ने।
- सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सुशासन प्रदान गर्न तथा सामाजिक तथा आर्थिक विकास गर्न आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्न सहयोग पुर्‍याउने।

- सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका सूचना प्रविधि प्रणालीहरूको मानकीकरण (Standardize) गरी अन्तरआबद्ध (Interoperable) बनाउन आवश्यक मानक तथा निर्देशिका तयार गरी कार्यान्वयन गर्ने वा गर्न सहजीकरण गर्ने।

**(२) साइबर सुरक्षा शाखा :-**

- साइबर सुरक्षाको स्तर वृद्धि गर्न तथा साइबर अपराध नियन्त्रण गर्न उपयुक्त नीतिगत तथा कानूनी व्यवस्थाको लागी अध्ययन गरी सिफारिस गर्ने।
- नेपालमा साइबर सुरक्षा तथा सूचना सुरक्षाको लागि आवश्यक मापदण्ड तयार गरी सो मापदण्ड कार्यान्वयन गर्ने।
- नेपालमा साइबर सुरक्षाको स्तर वृद्धि गर्न आवश्यक संरचना तथा पुर्वाधारको विकास गर्ने।
- साइबर सुरक्षाको स्तर वृद्धि गर्न तथा साइबर अपराध नियन्त्रण गर्न क्षमता विकास गर्ने।
- नेपालमा साइबर सुरक्षाको क्षेत्रमा कार्यरत संघसंस्थाहरूलाई समन्वय तथा अनुगमन गर्ने।
- मन्त्रालयको आन्तरिक सूचना प्रविधिको व्यवस्थापन गर्ने।

## (घ) मन्त्रालयबाट प्रदान गरिने सेवा

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिमका कार्यक्षेत्र सम्बद्ध तथा प्रचलित कानूनहरूद्वारा तोकिएका कार्यहरूसँग सम्बन्धित सेवाहरू।

## (ङ) सेवा प्रदान गर्ने मन्त्रालयका शाखा र जिम्मेवार अधिकारी

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यक्षेत्र भित्र समाविष्ट विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न मन्त्रालयमा देहाय बमोजिमका महाशाखा शाखाहरूको प्रबन्ध गरिएको छ।

| क्र.सं. | महाशाखा, शाखा | जिम्मेवार अधिकारी | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| **१** | **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय** | **सचिव** | **श्री राधिका अर्याल** |
| **२** | **प्रशासन तथा योजना महाशाखा** | **सहसचिव** | **श्री कोशहरि निरौला** |
| | प्रशासन तथा विकास सहायता समन्वय शाखा | उपसचिव | श्री कृष्ण प्रसाद शर्मा सुवेदी |
| | योजना अनुगमन तथा मूल्याङ्कन शाखा | उपसचिव | श्री रामकृष्ण अर्याल |
| | संस्थान समन्वय शाखा | उपसचिव | श्री निर्मला थापा |
| | आर्थिक प्रशासन शाखा | उपसचिव (लेखा) | श्री लोकनाथ सुवेदी |
| **३** | **सञ्चार महाशाखा** | **सहसचिव** | **श्री गजेन्द्र कुमार ठाकुर** |
| | प्रेस तथा सूचना समन्वय शाखा | उपसचिव | श्री ममता बास्तोला |
| | श्रव्यदृश्य तथा प्रसारण शाखा | उपसचिव | श्री केशव सुवेदी |
| | कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव (कानून) | श्री राजेश कुमार थापा |

| | | | |
|---|---|---|---|
| ४ | **सूचना प्रविधि महाशाखा** | **सहसचिव (प्राविधिक)** | **श्री अनिल कुमार दत्त** |
| | सूचना प्रविधि कार्यान्वयन तथा समन्वय शाखा | उपसचिव (प्रा.) | श्री नारायण तिमिल्सिना |
| | साइबर सुरक्षा शाखा | उपसचिव (प्रा.) | श्री ------------------- |
| ५. | **फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा** | **प्रमुख टेक्निकल अफिसर** | **श्री गौरव गिरी** |
| | फ्रिक्वेन्सी व्यवस्थापन तथा विश्लेषण शाखा | वरिष्ठ प्राविधिक अफिसर | श्री अनुप नेपाल |
| | रेडियो फ्रिक्वेन्सी अनुगमन शाखा | वरिष्ठ प्राविधिक अफिसर | श्री रविन कुमार चापागाई |

## (च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

**१. सेवा प्राप्त गर्न लाग्ने दस्तुर**

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (४) बमोजिम र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र नियमावली लगायत अन्य प्रचलित कानूनले तोके बमोजिमको दस्तुर।

**२. सेवा प्राप्त गर्न लाग्ने अवधि**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र नियमावली लगायत अन्य विशेष ऐनले तोकेकोमा सोही बमोजिम।

## (छ) निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त निवेदन/ उजुरीहरू जिम्मेवार अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारबाहीका लागि पठाइने र शाखा प्रमुखबाट प्रचलित कानून एवं स्वीकृत कार्यविधि बमोजिम कारवाही प्रक्रिया अगाडि बढाइने।

## (ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री राधिका अर्याल

(झ) <u>सम्पादन भएका मुख्य कार्यहरूको विवरण</u> :-

**(१) प्रेस तथा सूचना सम्बन्धी :-**

**१. आमसञ्चार र सूचना प्रविधि क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रम**

आमसञ्चार/सञ्चारलाई व्यवसायिक, खोजमुलक र विश्लेषणात्मक बनाउन उक्त क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास कार्यक्रममा तेस्रो त्रैमासिकमा सञ्चालन गरियो। उक्त कार्यक्रम राष्ट्रिय समाचार समितिसँगको सहकार्यमा राष्ट्रिय समाचार समितिको हलमा सञ्चालन गरिएको थियो। सो कार्यक्रममा मन्त्रालयका सहसचिव श्री गजेन्द्र कुमार ठाकुरज्यूको अध्यक्षतामा सञ्चालन भएको थियो। उक्त कार्यक्रममा मन्त्रालयको तर्फबाट, राष्ट्रिय समाचार समिति तथा १ जना वरिष्ठ पत्रकारको प्रस्तुतीकरण रहेको थियो। करिव ४० जनाको सहभागितामा उक्त कार्यक्रम सञ्चालन भएको थियो।

**२. यु-ट्यूव व्यवस्थापन तथा अभिमुखिकरण कार्यक्रम**

**(२) मधेश प्रदेश (जनकपुर)**

यस मन्त्रालयको मिति २०८१/११/०८ मा स्वीकृत कार्यक्रम तथा प्रदेशस्तरमा मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरधाममा तेस्रो चौमासिक कार्यक्रम सञ्चालन गर्ने निर्णय भए बमोजिम मिति २०८१/१२/१० गते यु-ट्यूव व्यवस्थापन तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा यस मन्त्रालयका सहसचिव श्री कोशहरि निरौलाज्युले अध्यक्षता गर्नुभएको थियो। करिव ७५ जना भन्दा बढीको सहभागीता रहेको उक्त कार्यक्रममा मन्त्रालय, प्रेस काउन्सिल नेपाल तथा जिल्ला पत्रकार महासंघको तर्फबाट प्रस्तुतीकरण रहेको थियो।

**(३) कोशी प्रदेश (विराटनगर)**

यस मन्त्रालयको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गगत खर्च शीर्षक २२५२२ LMBIS २.७.२५.३११ मा यु-ट्यूव व्यवस्थापन तथा अभिमुखिकरण कार्यक्रम अन्तर्गत कोशी प्रदेशको मोरङ्ग बिराटनगरमा तेस्रो चौमासिक कार्यक्रम सञ्चालन गर्ने निर्णय भए बमोजिम मिति २०८१/१२/२९ गते सो कार्यक्रम मोरङ्ग जिल्लाको विराटनगरमा सम्पन्न भयो। उक्त कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्यालज्यूले अध्यक्षता गर्नु भएको थियो। करिब ६० जना पत्रकारहरुको सहभागितामा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा मन्त्रालय, प्रेस काउन्सिल नेपाल तथा जिल्ला पत्रकार महासंघको तर्फबाट प्रस्तुतीकरण रहेको थियो।

**३. महिला पत्रकारहरूको क्षमता अभिवृद्धि तथा अन्तर्क्रिया कार्यक्रम**

**(४) लुम्बिनी प्रदेश (रुपन्देही)**

यस मन्त्रलयको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गगत महिला पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम प्रदेशस्तरमा सञ्चालन गर्ने निर्णय बमोजिम मिति २०८१/११/२७ गते लुम्बिनी प्रदेशको रूपन्देही जिल्लाको वुटवलमा कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा यस मन्त्रालयका उपसचिव श्री ममता वास्तोलाज्यूले अध्यक्षता गर्नुभयो। उक्त कार्यक्रममा मन्त्रालय, प्रेस काउन्सिल नेपाल तथा सञ्चारिका समूह बुटवलको तर्फबाट छुट्टा छुट्टै प्रस्तुतीकरण गरिएको थियो। करिव ५५ जना भन्दा बढी महिला पत्रकारहरुको उपस्थितिमा सो कार्यक्रम सम्पन्न भएको थियो।

**(५) बाग्मती प्रदेश (काठमाडौं)**

यस मन्त्रालयको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत महिला पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम राष्ट्रिय स्तरमा सञ्चालन गर्ने निर्णय बमोजिम २०८१ चैत २२ गते बागमती प्रदेशको काठमाडौंमा कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा यस मन्त्रालयका सचिव श्री राधिका अर्यालयज्यूले अध्यक्षता गर्नुभएको थियो।उक्त कार्यक्रममा मन्त्रालय, प्रेस काउन्सिल नेपाल तथा विषय विज्ञको तर्फबाट छुट्टा छुट्टै प्रस्तुतीकरण गरिएको थियो। करिव १२० जना महिला पत्रकारहरुको उपस्थितिमा सो कार्यक्रम सम्पन्न भएको थियो।

**(६) कानून तथा फैसला कार्यान्वयन सम्बन्धी :-**

| क्र.सं. | नाम | हालको अवस्था |
|---|---|---|
| १ | सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धी विधेयक | मन्त्रिपरिषद्‌को विधेयक समितिमा छलफलको क्रममा रहेको। |
| २ | सामाजिक सञ्जालको प्रयोगलाई नियमन गर्ने सम्बन्धी विधेयक | २०८१/१०/१४ गते संघीय संसदमा दर्ता भएको। |
| ३ | चलचित्र क्षेत्रलाई व्यवस्थापन र नियमन गर्न बनेको विधेयक | संघीय संसदमा पेश गर्ने क्रममा रहेको |
| ४ | विद्युतीय कारोबार (पहिलो संशोधन) नियमावली, २०८१ | २०८२ बैशाख १ गते राजपत्रमा प्रकाशन भएको |
| ५ | सुरक्षण मुद्रण सम्बन्धी नियमावली, २०८१ | सहमतिको लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको। |
| ६ | सार्वजनिक सेवा प्रसारण नियमावली,२०८१ | मन्त्रिपरिषद्‌को विधेयक समितिमा छलफलको क्रममा रहेको। |
| ७ | डाटा सेन्टर तथा क्लाउड सेवा (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१ | माननीय मन्त्रिज्यूबाट स्वीकृत भई सूचना प्रविधि विभाग पठाइएको। |

**(३) प्रशासन तथा विकास सहायता समन्वय सम्बन्धीः-**

१. मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरूमा मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि तोकिएको।
२. कर्मचारी प्रशासन तर्फका सरुवा, पदस्थापन तथा अन्य नियमित प्रशासनिक कार्यहरु भएको।
३. सचिव बैठकको निर्णय कार्यान्वयन तथा प्रगति विवरण सम्बन्धी कार्य निरन्तर भएको।
४. उच्च व्यवस्थापन समिति, विस्तारित उच्च व्यवस्थापन समिति र स्टाफ बैठक नियमित गरिएको।
५. बैदेशिक अध्ययत/तालिम/कार्यक्रममा मन्त्रालय र अन्तर्गतका निकायहरूबाट मनोनयन भर्चुवल सहित-१३ जना।
६. अधिकार प्रत्यायोजन सम्बन्धी कार्य भएको।
७. अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका निगरानी निकायबाट प्राप्त उजुरीहरुको छानविन गरि विवरण पठाईएको तथा निर्देशन बमोजिमका काम कारवाही गरिएको।

८. कार्यालयको नियमित कार्य सञ्चालनका लागि मसलन्द तथा कार्यालय सामाग्रीहरु खरिद भएको।

९. सवारी साधनको विमा तथा कर नविकरण सम्पन्न भएको।

(७) **संस्थान समन्वय सम्बन्धीः-**

१. माननीय मन्त्रीस्तर मिति २०८१ । १० । २३ को निर्णयबाट सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको सदस्य पदमा भूमिराज चापागाईलाई चार वर्षका लागि मनोनयन गरिएको ।

२. माननीय मन्त्रीस्तर मिति २०८१।१२।१३ को निर्णयबाट चलचित्र विकास बोर्डको सदस्य पदमा सन्तोष बाबु लोहनीलाई दुई वर्षका लागि मनोनयन गरिएको ।

३. माननीय मन्त्रीस्तर मिति २०८१ ।१२ । २६ को निर्णयबाट केन्द्रीय चलचित्र जाँच समितिको सदस्य पदमा सम्पन्न श्रेष्ठलाई दुई वर्षका लागि मनोनयन गरिएको ।

४. कार्यसम्पादन सम्झौताको अर्ध बार्षिक मूल्याङ्कन गरेको ।

५. विदेशी मुद्रा सिफारिस उपर (चारवटा सेवा प्रदायक) कारवाही गरेको ।

६. प्रेस काउन्सिल, रा.स.स. लगायतका सस्थाको कर्मचारी विनियमावली संशोधन सम्बन्धी कार्य गरेको ।

**(५) योजना अनुगमन तथा मूल्यांकन, बजेट, खर्च र राजस्व सम्बन्धीः-**

७. आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित बुँदाहरूको माइलस्टोन सहितको कार्यान्वयन कार्ययोजनाको मासिक प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीमा प्रविष्टि गरिएको।

८. मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा यस मन्त्रालयसँग सम्बन्धित मन्त्रिपरिषद्का निर्णयहरू कार्यान्वयनको प्रगति विवरण प्रविष्टि गरिएको ।

९. आर्थिक वर्ष २०८१/८२ को दोस्रो त्रैमासिक एवम् अर्ध-वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक मिति २०८१ माघ ३० गते सम्पन्न गरिएको ।

१०. आ.व. २०८२/०८३ को (LMBIS) मा कार्यक्रमहरूको विवरण क्रियाकलापगत रूपमा तयार गरिएको।

११. यस मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को आर्थिक सर्वेक्षण तयारी गरी अर्थ मन्त्रालयमा पठाइएको।

१२. आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने निकायहरू रेडियो नेपाल, विज्ञापन बोर्ड, नेपाल टेलिभिजन, राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, चलचित्र विकास बोर्ड र प्रेस काउन्सिल नेपाल लगायतका निकायहरूसँग सम्झौता र LMBIS अनुसार नियमित अनुदान निकासा गरिएको ।

१३. विभिन्न निकायहरूको चालु आर्थिक वर्षमा रकमान्तर, कार्यक्रम संशोधन, खर्च हुन नसक्ने बजेट समर्पण गरिएको ।

१४. आ.व.२०८२/०८३ को मन्त्रालयगत मध्यमकालीन खर्च संरचना (MTEF) तथा वार्षिक विकास कार्यक्रम तयार गरी राष्ट्रिय योजना आयोगको सिस्टममा प्रविष्टि गरिएको ।

१५.आ.व.२०८२/०८३ को लागि सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गरीने बुँदाहरू तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयमा पठाइएको ।

१६. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) सम्बन्धी तालिम मिति २०८१ चैत्र ८ र ९ गते दुई दिन मातहतका निकायहरूलाई दिइएको।

१७. सोह्रौ योजनामा उल्लेख भएको सञ्चार तथा सूचना प्रविधि क्षेत्रसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनको कार्ययोजना तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको ।

१८. शाखासँग सम्बन्धित विषयहरूमा टिप्पणी उठान, पत्राचार, समन्वय, सहजीकरण, राय/सुझाव, प्रतिवेदन नियमित रूपमा गरिएको ।

**(६) श्रब्य दृष्य तथा प्रसारण शाखा**

| सि.नं. | विवरण | २०८१ माघ | २०८१ फागुन | २०८१ चैत | आ.व.०८१/८२ माघ फागुन चैत्रको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कथानक चलचित्र जाँच संख्या | १२ | १७ | १४ | ४३ | |
| २. | चलचित्र जाँच तथा प्रदर्शन अनुमति तर्फ राजस्व आम्दानी | १,१८,००० ।- | १,४५,०००।- | १०६,०००।- | ३,६९,०००।- | |
| ३. | विदेशी चलचित्र /डकुमेन्ट्री छाँयाङ्कन संख्या | ४ | ७ | १० | २१ | |
| ४. | विदेशी चलचित्र /डकुमेन्ट्री छाँयाङ्कन तर्फ राजस्व आम्दानी | ६०,०००।- | १,०५,०००।- | १,५०,०००।- | ३,१५,०००।- | |
| ५. | निशेधित क्षेत्रका लागि थप राजस्व (USD) | ० | ० | ० | ० | |
| ६. | विदेशी मुद्र सिफारिस (भा.रु.) | ० | ० | ० | ० | |
| ७. | विदेशी मुद्र सिफारिस (USD) | ० | १०,०००००।- | ० | १०,०००००।- | |
| ८. | विदेशी मुद्र सिफारिस गर्दा करकट्टी वापत राजस्व प्राप्त रकम भा.रु. | ० | ० | ० | ० | |
| ९. | विदेशी मुद्र सिफारिस गर्दा करकट्टी वापत राजस्व प्राप्त रकम( USD) | | ५५५५५.५६ | ० | ५५५५५.५६ | |

**(८) साईबर सुरक्षा शाखा**

१. प्रादेशिक तथा क्षेत्रगत CERT स्थापना सम्बन्धी अन्तर्रक्रिया तथा अभिमुखीकरण कार्यक्रम मधेश प्रदेशमा फाल्गुन २८ गते संचालन गरिएको।

**(९) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

प्रस्तुत विषयमा तहाँको पत्रद्धारा माग भई आएको चालु आर्थिक वर्ष २०८१/८२ को तेश्रो त्रैमासिक अवधिमा यस आर्थिक प्रशासन शाखाबाट सम्पादन/सम्पन्न भएका कार्यहरुो विवरण देहाय अनुसार रहेको व्यहोरा अनुरोध छ ।

<u>तपशील:-</u>

क. आर्थिक वर्ष २०८१/८२ मा भएका आर्थिक कारोबारहरुको तश्रो चौमासिक अवधिको आन्तरिक लेखापरीक्षणको तयारी गरिएको छ ।

ख. तेश्रो त्रैमासिक अवधिमा फ्रिक्वेन्सी दस्तुर वापत ३६ करोड ६८ लाख तथा रोयल्टी वापत १७ करोड ९६ लाख राजस्व रकम दाखिला हुन आएको छ ।

ग. मन्त्रालयको नियमित तलब, भत्ता तथा कार्यालय व्यवस्थापन खर्च, विभिन्न कार्यक्रम समेतका लागि तेश्रो त्रैमासिक अवधिमा ६ करोड ३ लाख रुपैयाँ भुक्तानी गरिएको छ ।

घ. नियमित तलब, भत्ता तथा सञ्चालन खर्च समेतका लागि मन्त्रालय मातहतका निकायहरुमा देहाय अनुसारको रकम तेश्रो त्रैमासिक अवधिमा निकासा पठाइएको छः

| क.सं. | निकाय | निकासा रकम (रु. लाखमा) |
|---|---|---|
| १ | निकासा रकम (रु.लाखमा ) रेडियो प्रसार सेवा विकास समिति | ७९१ |
| २ | राष्ट्रिय समाचार समिति | ३८४ |
| ३ | प्रेस काउन्सिल नेपाल | १०४ |

(ट) <u>सूचना अधिकारी र प्रमुखको नाम र पद</u> :-



कार्यालय प्रमुखको नाम थर : - श्री राधिका अर्याल

सचिव



प्रवक्ताको नाम थर :- श्री गजेन्द्र कुमार ठाकुर

प्रवक्ता



सूचना अधिकारीको नाम र सम्पर्क नं.:-

श्री ममता बास्तोला

सुचना अधिकारी

सम्पर्क नं. ४२११६२५

मन्त्रालयको वेबसाइटः-**www.mocit.gov.np**, **email: info@mocit.gov.np**

## (ठ) ऐन, नियम, विनियम, निर्देशिका, आदेश र कार्यविधि/ मापदण्ड :-

१. **नीतिहरू :-**
- सञ्चार तथा सूचना प्रविधि क्षेत्रको दीर्घकालीन नीति, २०५९
- दूरसञ्चार नीति, २०६०
- दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य) सम्बन्धी नीति,२०६९
- राष्ट्रिय चलचित्र नीति, २०७१
- ब्रोडब्याण्ड नीति, २०७१
- सञ्चार तथा सूचना प्रविधि नीति, २०७२
- आमसञ्चार नीति, २०७३
- विज्ञापन रहित (Clean Feed) नीति, २०७३
- भू-उपग्रह नीति, २०७७

२. **ऐनहरू :-**
- रेडियो ऐन, २०१४
- सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१
- राष्ट्रिय समाचार समिति ऐन, २०१९
- गोरखापत्र संस्थान ऐन, २०१९
- हुलाक ऐन,२०१९
- आन्तरिक हुलाक वस्तु (बीमा गर्ने) ऐन, २०१९
- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६
- सञ्चार संस्थान ऐन, २०२८
- छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८
- प्रेस काउन्सिल ऐन, २०४८
- राष्ट्रिय प्रसारण ऐन, २०४९
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१
- दूरसञ्चार ऐन, २०५३
- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- विज्ञापन (नियमन गर्ने) ऐन, २०७६
- सार्वजनिक सेवा प्रसारण ऐन, २०८१

३. **नियमहरू :-**
- आन्तरिक हुलाक वस्तु बीमा गर्ने नियमहरू, २०१९
- हुलाक नियमावली, २०२०
- गोरखापत्र कर्पोरेशन नियमहरू, २०२१
- धनादेश नियमावली,२०३१
- हुलाक बचत बैङ्क नियमावली, २०३३
- अतिरिक्त हुलाक नियमावली,२०३४
- बहिरङ्ग हुलाक नियमावली,२०३४

- राष्ट्रिय समाचार समिति नियमावली,२०४१
- छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९
- प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४९
- रेडियो सञ्चार (लाईसेन्स) नियमावली, २०४९
- राष्ट्रिय प्रसारण नियमावली, २०५२
- श्रमजीवी पत्रकार सम्बन्धी नियमावली,२०५३
- दूरसञ्चार नियमावली,२०५४
- मुद्रण सम्बन्धी नियमहरू, २०५५
- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली,२०५७
- रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०५७
- विद्युतीय कारोबार नियमावली, २०६४
- सूचनाको हक सम्बन्धी नियमावली,२०६५
- विज्ञापन (नियमन गर्ने) नियमावली,२०७७
- विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८०
- अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०८०

४. **निर्देशिकाहरू:-**

- हुलाक टिकट प्रकाशन निर्देशिका,२०७०
- पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका,२०७०
- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७८
- अनलाइन सञ्चार माध्यम सञ्चालननिर्देशिका, २०७३
- सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायमा विद्युतीय पत्राचार (इमेल) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५
- सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५
- पत्रकार वृत्ति कोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५
- सूचनाको हकको कार्यान्वयनसम्बन्धी अनुगमन निर्देशिका, २०७६
- सरकारी निकाय सञ्चालनसम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८
- नागरीक एप सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८
- सरकारी वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८
- सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०

५. **आदेशहरू:-**

- रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१
- राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८
- दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोगसम्बन्धी आदेश,२०६९
- सुरक्षण मुद्रण विकास समिति गठन आदेश, २०७३

## ६. कार्यविधि/मापदण्डहरू:-

- राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्वद्ध निकायका अध्यक्ष, सदस्य र पदाधिकारीको नियुक्ति तथा मनोनयनसम्बन्धी मापदण्ड, २०७३
- पत्रकारितासँगसम्बन्धित संघ संस्थाहरूलाई अनुदान तथा आर्थिक सहयोग वितरणसम्बन्धी कार्यविधि, २०७३
- चलचित्र छायाङ्कनमा सम्पर्क अधिकृत खटाउने सम्बन्धी कार्यविधि, २०७३,
- चलचित्र जाँच समितिको कार्यविधि, २०७४
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०७८
- स्थानीय तहको सरकारबाट सम्पादन हुने एफ.एम. रेडियो तथा टेलिभिजन (व्यवस्थापन तथा सञ्चालन) नमूना कार्यविधि, २०७५
- प्रदेश तहको सरकारबाट सम्पादन हुने एफ.एम. रेडियो
- (व्यवस्थापन तथा सञ्चालन) नमूना कार्यविधि, २०७५
- प्रदेश र स्थानीय तहहरूलाई रेडियो फ्रिक्वेन्सी उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६
- आन्तरिक नियन्त्रण प्रणाली, २०७८


सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
12:09
15°C